श्री सर्वोच्च अदालतमा पेश गरेको
निवेदन पत्रको सारसंक्षेप

विषय : नेपालको संविधानको धारा ४६ तथा १३३(२)(३) बमोजिम परमादेश लगायत उपयुक्त आज्ञा, आदेश वा पुर्जी जारी गरिपाउँ ।

ललितपुर जिल्ला ललितपुर महानगरपालिका वडा नं १६ स्थित क्वयेर युथ ग्रुपको तर्फबाट निवेदक अख्तियार प्राप्त ऐ.ऐ. बस्ने वर्ष २२ को रुक्शना कपाली समेत........... १

विरुद्ध

विपक्षी

गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं समेत ........................ १

हामी निवेदक नियमानुसार लाग्ने निवेदन दस्तुर यसैसाथ संलग्न गरि नेपालको संविधानको धारा १२ एवं धारा १३३(२)(३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४० बमोजिम निम्नलिखित निवेदन गर्दछौं ।

१. __रिट निवेदनको व्यहोरा :__ मुलुकी अपराध संहिता, २०७४ परिच्छेद १८ करणी सम्बन्धी कसूरको व्यवस्थाले सबै लैङ्गिकताका व्यक्तिहरूलाई समेट्न नसकेको र लैङ्गिकताका आधारमा विभेद गरी मौलिक हकहरू हनन गरेको भन्ने व्यहोरा ।

२. __संवैधानिक तथा कानूनी प्रश्न :__ धारा १६, १७, १८, २१ र ३८ ।

३. __माग गरिएको उपचार :__ मुलुकी अपराध संहिता, २०७४ परिच्छेद १८ करणी सम्बन्धी कसूरको व्यवस्थालाई सबै लैङ्गिकताका व्यक्तिहरू समेटिने गरी संशोधन गर्न गराउन भनि विपक्षीको नाउँमा परमादेश लगायत उपयुक्त आदेश जारी गरिपाउँ ।

सार संक्षेपिकरण प्रस्तुतकर्ता

नेपाल संवत् ११४२ साल सिला महिना २७ गते

ईति सम्वत् २०७८ साल फागुन महिना १ गते रोज १ शुभम् ............................ ।